| | |
|---|---|
| गाउँपालिकाको कार्यविधि संख्याः | १० |

भूमे गाउँ गाउँपालिका

# कार्यक्रम संचालन, कार्यन्वयन र फरफारक कार्यविधि, २०७४

कार्यपालिकाबाट स्वीकृत मितिः २०७५।०९।०२

भूमे गाउँपालिका

रुकुम (पूर्वी भाग) जिल्ला

प्रदेश नं. ५, नेपाल

(चन्द्रसिंह श्रेष्ठ)
प्रमुख प्रशासकीय अधिकृत
मितिः २०७४/१२/१७

# भूमे गाउँपालिका कार्यक्रम संचालन, कार्यन्वयन र फरफारक कार्यविधि, २०७४

**प्रस्तावना :** भूमे गाउँपालिकाको समग्र स्रोत परिचालन, व्यवस्थापन एवं काम कारबाहीमा कार्यकुशलता र प्रभावकारिता अभिवृद्धि गर्ने उद्देश्यले नेपाल सरकार, प्रदेश सरकार एवं विकास साझेदारबाट स्थानीय तहलाई प्राप्त हुने सबै प्रकारका अनुदान, स्थानीय तहको आन्तरिक आय, राजस्व बाँडफाँडबाट प्राप्त हुने रकम लगायत स्थानीय तहको कोषमा प्राप्त हुने सबै प्रकारका स्रोत तथा स्थानीय स्रोत साधनलाई एकीकृत र समन्वित गरी गरिब, महिला, बालबालिका तथा सामाजिक आर्थिक दृष्टिकोणबाट पिछडिएका वर्ग र समुदाय एवं क्षेत्रको समेत पहुँच र स्वामित्व रहने गरी सन्तुलित तवरबाट स्थानीय सेवा एवं विकास निर्माण कार्य र शासन प्रक्रिया जनमुखी, जवाफदेही, मितव्ययी, पारदर्शी, उत्तरदायी, समावेशी , समतामूलक, सहभागितामूलक, दिगो र गुणस्तरयुक्त गराउँदै स्थानीयस्तरबाट नै गरिबी न्यूनिकरण र दगो विकासको अवधारणालाई संथागत गर्ने कार्यमा सहयोग पु-याउन भूमे गाउँपालिकाको मिति २०७४।०९।२९ गतेको कार्यपालिकाको बैठकबाट यो कार्यविधि स्वीकृत गरी लागूगरिएकोछ।

## परिच्छेद -१

## प्रारम्भिक

**१.संक्षिप्त नाम र प्रारम्भ:**

(१) यस कार्यविधिको नाम " **भूमे गाउँपालिका कार्यक्रम संचालन, कार्यन्वयन र फरफारक कार्यविधि,** २०७४ तथा योजना " रहने छ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ।

**२.परिभाषा:** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा :

(क) "आर्थिक प्रशासन नियावली "भन्नाले स्थानीय तह आर्थिक प्रशासन नियावली,२०६४ सम्झनु पर्छ।



(चन्द्रसिंह श्रेष्ठ)
प्रमुख प्रशासकीय अधिकृत
मितिः २०७४/१२/१७

(ख) "आन्तरिक आय" भन्नाले भूमे गाउँपालिकाको आर्थिक ऐन बमोजम भूमे गाउँपालिकाको गाउँ सभाबाट स्वीकृत दरमा लगाएको स्थानीय कर, शुल्क, सेवा शुल्क, दस्तुर, बिक्री, स्रोत, उपयोग, निकासी कर र भाडा बापत उठाएको आम्दानी सम्झनु पर्छ।

(ग) "आयोजना " भन्नाले कुनै भौगौलिक क्षेत्र वा कार्यक्षेत्रमा निश्चित अवधि र लगानी तोकी निर्धारित उद्देश्य प्राप्तिका लागि तयार गरिएको व्यवस्थित क्रियाकलाप सम्झनु पर्छ ।

(घ) "उपभोक्ता समिति" भन्नाले आयोजनाबाट प्रत्यक्ष लाभ पाउने व्यक्तिहरुको समूहले कुनै आयोजना निर्माण, संचालन व्यवस्थापन र मर्मत सम्भार गर्नको लागि आफूहरुमध्येबाट निश्चित प्रक्रिया बमोजिम गठन गरेको समिति सम्झनु पर्छ र सो शब्दले लाभग्राही समूह समेतलाई जनाउछ।

(ङ) "ऐन " भन्नाले स्थानीय सरकार संचालन ऐन, २०७४ सम्झनु पर्छ।

(च) "कार्यक्रम" भन्नाले निश्चित उद्देश्य प्राप्तिका लागि तयार गरिएको क्षेत्रगत वा बहुक्षेत्रगत आयोजनाहरुको संयोजित रुप सम्झनु पर्छ।

(छ) "कार्यविधि" भन्नाले कार्यक्रम तथा योजना संचालन, कार्यन्वयन र फरफारक कार्यविधि, २०७४ लाई सम्झनु पर्छ।

( ज) "गैरसरकारी संस्था" भन्नाले यस कार्यविधिको प्रयोजनको लागि प्रचलित कानुन बमोजिम स्थापना भएका र भूमे गाउँपालिकाको गाउँ सभाबाट आफ्नो कार्यक्रम स्वीकृत गराई गाउँपालिकापालिकासंग समन्वय राखी कार्य संचालन गर्ने गैरनाफामूलकक संस्था सम्झनु पर्छ।

(झ) "ठूला मेशिनरी तथा उपकरण" भन्नाले वातावरणलाई अत्याधिक ह्रास पु-याउने प्रकृतिका ठूला मेशिनरी, उपकरण (बुलडोजर ,एक्साभेटर आदि ) र श्रममूलक प्रविधिलाई विस्थापित गर्ने खालका मेशिनरी तथा उपकरण सम्झनुपर्छ ।

(ञ) " गाउँ सभा" भन्नाले नेपालको संविधानको धारा २२३ को उपधारा १ वमोजिमको गाउँ सभालाई सम्झनु पर्छ।

(ट) "गाउँपालिका" भन्नाले भूमे गाउँपालिकालाई सम्झनु पर्छ।

(ठ) "वित्तीय समानिकरण" भन्नाले नेपाल सरकार, विकास साझेदार वा अन्य निकायबाट ऐन, नियमावली र कार्यविधिको परिधिभित्र रही भूमे गाउँपालिकाको विकासका लक्ष्य हासिल गर्न सहयोग पुग्ने गरी निर्धारित प्रक्रिया बमोजिम स्थानीय तहको गाउँ सभाबाट कार्यक्रम स्वीकृत गरी जवाफदेही ढंगले खर्च गर्न पाउने अनुदान सम्झनु पर्छ ।

(ढ) "सःशर्त अनुदान" भन्नाले नेपाल सरकारले शर्त तोकिदिएको अनुदानलाई सम्झनु पर्छ।



(चन्द्रसिंह श्रेष्ठ)
प्रमुख प्रशासकीय अधिकृत
मितिः २०७४/१२/१७

(ण) "विषयगत कार्यालय" भन्नाले नेपाल सरकारका विभिन्न विषयगत मन्त्रालय अन्तर्गत निश्चित कार्यक्षेत्र भएका जिल्लास्तरीय कार्यालय लगायतकालाई सम्झनु पर्छ।

(त) "मन्त्रालय" भन्नाले नेपाल सरकार र प्रदेश सरकारकाका विकास निर्माण एवं सेवा सुविधाको प्रवाहसंग सम्बन्धित अन्य मन्त्रालयहरु सम्झनु पर्छ।

(थ) "विकास साझेदार" भन्नाले नेपाल सरकारसंग भएको सम्झौता बमोजिम नगद, जिन्सी एवं प्राविधिक सहयोग उपलब्ध गराउने द्विपक्षीय एवं बहुपक्षीय दातृ निकाय, संयूक्त राष्ट्रसंघीय निकायहरु तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्था सम्झनु पर्छ।

(द) "लक्षित समूह" भन्नाले आर्थिक रुपमा विपन्न वर्गका महिला एवं बालबालिका तथा आर्थिक र सामाजिक रुपमा पिछडिएका वर्गहरू (सबै जातजातिका विपन्न वर्गहरु, ज्येष्ठ नागरिक, दलित, आदिवासी जनजाति, अपाङ्गता भएका व्यक्तिहरु, मधेसी, मुस्लिम तथा पिछडावर्ग) एवं नेपाल सरकारले लक्षित समूह भनी तोकेका वर्ग एवं समुदाय सम्झनु पर्छ।

(ध) "लैङ्गिक लेखाजोखा (परीक्षण)" भन्नाले महिला र पुरुष बीचको भूमिका, सम्वन्ध, स्थान, स्तर, अवसर आदिको लेखाजोखा र महिला पुरुष बीच समानता कायम गर्नका लागि तय गरिएको कार्यक्रम र बजेटको समेत विश्लेषण गर्ने कार्यलाई सम्झनु पर्छ।

(न) "स्रोत " भन्नाले भूमे गाउँपालिकालाई उपलब्ध हुने नि:शर्त तथा सशर्त अनुदान, भूमे गाउपालिकाको आन्तरिक आय, ऋण, सापटी, विकास साझेदारबाट प्राप्त कार्यक्रम बजेट लगायतका नगद, जिन्सी र प्राविधिक सहयोगलाई सम्झनु पर्छ र सो शब्दले गाउँपालिकाको हकमा वित्तीय समानीकरण, सःशर्त अनुदान, समपुरक अनुदान, विशेष अनुदान र विशेष कोषबाट प्राप्त हुने रकमलाई सम्झनुपर्छ ।

(प) "वडा अध्यक्ष" भन्नाले स्थानीय तहको निर्बाचनबाट निर्वाचित वडाको अध्यक्षलाई सम्झनु पर्छ।

(फ) "सचिव" भन्नाले एन दफा ८४ बमोजिम स्थानीय तहको सचिव भै कामकाज गर्ने नियुक्त कर्मचारी सम्झनु पर्छ।

(ब) "सामाजिक परीक्षण" भन्नाले आर्थिक प्रशासन नियावलीको नियम २०१ को उपनियम (१) बमोजिम स्थानीय तहको योजना, नीति, कार्यक्रम आयोजना कार्यन्वयन र सेवा प्रवाहले आर्थिक सामाजिक विकासमा गरेको समग्र योगदानको लेखाजोखा विश्लेशण र मूल्याङ्कन कार्य सम्झनु पर्छ।



(चन्द्रसिंह श्रेष्ठ)
प्रमुख प्रशासकीय अधिकृत
मितिः २०७४/१२/१७

(भ) "सार्वजनिक परीक्षण" भन्नाले आर्थिक प्रशासन नियावलीको नियम २०१ को उपनियम (२) बमोजिम स्थानीय तहले सञ्चालन गर्ने कार्यक्रम वा आयोजनाको लक्ष, उद्देश्य, बजेट (आम्दानी) तथा यसबाट प्राप्ट नतिजा उपलब्धि र खर्च आदिको बारेमा सरोकारवालाहरु बीच जानकारी गराउने लेखाजोखा गर्ने र मूल्याङ्कन गर्ने कार्य सम्झनु पर्छ।

(म) "सार्वजनिक सुनुवाई" भन्नाले सरोकारवाला सर्वसाधारण नागरिक र स्थानीय तहका पदाधिकारीहरु बीच सार्वजनिक चासोको विषयमा सार्वजनिक स्थलमा खुला छलफल गर्ने प्रक्रिया सम्झनु पर्छ।

(य) "सामुदायिक संस्था" भन्नाले जनचेतना सम्बन्धी तालिम, सिप विकास बचत, कर्जा परिचालन, समावेसी विकास र सशक्तिकरण गर्ने उद्देश्यले निश्चित प्रक्रिया अवलम्वन गरी प्रचलित कानुन बमोजिम स्थापना भएका संस्था तथा स्थानीय तहमा सूचिकृत भएका समुदायमा आधारित टोलविकास संस्थालाई समेत जनाउने छ।

(र) "योजना" भन्नाले समग्र विकास निर्माण सम्बन्धी तयार पारीएको आवधिक गाउँपालिका विकास योजना विषयगत गाउँपालिका गुरुयोजना आदि सम्झनु पर्दछ।

(ल) "स्थानीय तह" भन्नाले भूमे गाउँपालिकालाई तथा सबै वडा कार्यालयहरुलाई समेत सम्झनु पर्दछ।

**३. कार्यविधिको उद्देश्य:**

यस कार्यविधिको उद्देश्य देहायबमोजिम हुनेछ :

(क) भूमे गाउँपालिकाको सबै प्रकारका स्रोत र साधनलाई उद्देश्यमूलक, पारदर्शी, उत्तरदायी र जवाफदेहिपूर्वक खर्च गर्ने पद्धति निर्माण गर्न सघाउ पु-याउने।

(ख) भूमे गाउँपालिकाको स्रोतलाई प्राथामिकता प्राप्त क्षेत्रमा लगानी गर्ने आधार र प्रक्रिया वारे स्पष्ट गराउने।

(ग) आयोजना व्यवस्थापन, बजेट निकासा र खर्च प्रक्रियालाई सरलीकृत गर्दै आयोजना कार्यन्वयनमा सहजिकरण गर्ने,

(घ) आर्थिक व्यवस्थापन प्रणालीलाई अनुशासित र वित्तीय कुशलता हाँसिल गर्न सघाउ पु-याउने लेखा, लेखापरीक्षण र प्रतिवेदन प्रणालीलाई नियमित र व्यवस्थापन गर्ने,

(ङ) गाउँमा सुशासन कायम गर्न पारदर्शिता र उत्तरदायित्वसम्बन्धी व्यवस्थाको प्रवर्द्धन गर्ने,



(चन्द्रसिंह श्रेष्ठ)
प्रमुख प्रशासकीय अधिकृत
मितिः २०७४/१२/१७

(च) गाउँपालिकाको संस्थागत क्षमता, आयोजना व्यवस्थापन अन्तर निकाय समन्वय र सेवा प्रवाहमा दक्षता अभिवृद्धि गर्ने,

(छ) सहभागिता मूलक योजना प्रक्रिया अवलम्वन गर्दै योजनाबद्ध विकासका माध्यमबाट थानिय आवश्यक्ताको प्राथामिकीकरण, सञ्चालन एवं मर्मत सम्भार गर्न स्थानीय जनतालाई प्रोत्शाहन गर्ने,

(ज) समावेशी विकासको अवधारणा बमोजिम लक्षित समूह र क्षेत्रलाई मूल प्रवाहिकरण र सशक्तिकरण गरी समावेशी विकासलाई संस्थागत गर्ने,

(झ) सामाजिक परिचालनका माध्यमबाट अति विपन्न विकासमा पहुँच नभएका परिवारलाई उनीहरुको क्षमता बढाउदै विकास प्रक्रियामा मूलप्रवाहिकरण गर्ने ।

**४. कार्यविधिको कार्यक्षेत्र :**

भूमे गाउँपालिकालाई प्राप्त हुने वित्तीय सकमान्यिकरण, सशर्त अनुदान, विशेष अनुदान, समपुरक अनुदान, समपूरक कोष र विशेष कोष वा गाउँपालिकाको आन्तरिक आय, विकास साझेदार, अन्य निकायबाट प्राप्त हुने सबै प्रकारका अनुदान, राजस्व बाँडफाँडबाट प्राप्त रकम वित्तीय संस्थाहरुबाट प्राप्त ऋण लगायतका सबै प्रकारका स्रोतको परिचालन एवं व्यवस्थापन गर्नु यस कार्यविधिको कार्यक्षेत्र हुनेछ। तर मन्त्रालय, विषयगत निकाय, विकास साझेदार, राष्ट्रिय –अन्तर्राष्ट्रिय गैर सरकारी संस्था वा विकास समिति आदिसंग विशेष उद्देश्य हाँसिल गर्नको लागि सम्बन्धित निकायसंग भएको सम्झौता बमोजिम कार्यक्रम वा आयोजना तथा बजेट कार्यन्वयन गर्न गराउन यस कार्यविधिले बाधा पु-याएको मानिने छैन। त्यस्ता कार्यक्रम वा आयोजनाको हकमा योजना तर्जुमा छनौट सञ्चालन व्यवस्थापन अनुगमन मूल्याङ्कन प्रतिवेदन कोष व्यवस्थापन लेखापरीक्षण उत्तरदियित्व पारदर्शिता र वित्तीय सुशासन जोखिम न्यूनिकरण लगायतका सबै व्यवस्थाहरु यसै कार्यविधि बमोजिम हुनेछ।

**परिच्छद – २**

**५. अनुदानका किसिम र रकम विनियोजनका क्षेत्रहरु**

गाउँपालिकामा निम्न प्रकारका अनुदान उपलब्ध हुनेछन:

(१) **वित्तीय समानीकरण :**



(चन्द्रसिंह श्रेष्ठ)
प्रमुख प्रशासकीय अधिकृत
मितिः २०७४/१२/१७

(क) नेपाल सरकारबाट यस गाउँपालिकामा खटिएका निजामती कर्मचारी, मन्त्रालयले स्वीकृत गरेको प्रशासन अनुदान र स्थानीय कर्मचारीको तलब, भत्ता, दैनिक भ्रमण भत्ता र कार्यालय सञ्चालन खर्च,

(ख) क्षमता विकास खर्च,

(ग) सामाजिक परिचालन खर्च,

(घ) पूर्वाधार खर्च,

(२): **सशर्त अनुदान**

(क) विषयगत कार्यालयको सरकारबाट गाउँपालिकामा खटिएका निजामति कर्मचारी, मन्त्रालयले स्वीकृत गरेको प्रशासन अनुदानका कर्मचारीको तलब, भत्ता, दैनिक भ्रमण भत्ता र कार्यालय सञ्चालन खर्च

(ख) कार्यक्रम सञ्चालन खर्च

**(३) समपुरक अनुदान**

नेपाल सरकार तथा प्रदेश सरकारबाट पूर्वाधार विकास सम्बन्धी कुनै योजना कार्यन्वयन गर्न प्राप्त हुने अनुदान।

**(४) विशेष अनुदान**

नेपाल सरकार तथा प्ररदेश सरकारबाट कुनै खास (शिक्षा,स्वास्थ्य,आदि)योजनाको लगि प्राप्त हुने अनुदान।

(५) **समपुरक कोष**

वित्तीय समानिकरणमा समपूरक कोषको रकम छुट्याएर सम्बन्धित मन्त्रालयसंग कार्यक्रम वा योजना संचालन गरिनेछ।

**(६) विशेष कोष :**

(क) विशेष परिस्थितिमा अत्यावश्यक क्षेत्रमा आवश्यक्ता अनुसार यस कोषको रकम खर्च गरिने छ।

(ख) मर्मत सम्भार विशेष कोष:



(चन्द्रसिंह श्रेष्ठ)
प्रमुख प्रशासकीय अधिकृत
मितिः २०७४/१२/१७

गाउँपालिका  क्षेत्रभित्र निर्माण सडक, खानेपानी, सिंचाई र अन्य पूर्वाधार निर्माणको नियमित मर्मत गरी योजनाको दिगोपनको साथै निरन्तर संचालन प्रक्रियामा ल्याउन कूल आन्तरिक बजेटको न्यूनतम ३% रकम गाउँसभाबाट विनियोजन गर्नु पर्दछ।

(ग) कन्टेनजेन्सी सम्बन्धमा:

भूमे गाउँपालिकाबाट सञ्चालन हुने योजना तथा कार्यक्रम प्रभावकारी रुपमा सञ्चालन गर्नको लागि आवश्यक पर्ने प्राविधिक तथा अन्य उपकरण र लजिस्टिक सर्पोटका लागि गाउँपालिकाको कूल पुँजिगत बजेटबाट योजना सञ्चालन पूर्व ३% रकम कट्टी गर्न सकिनेछ ।

## परिच्छेद -३

### ६.आयोजना तथा कार्यक्रम सञ्चालन एवं व्वस्थापन र कार्यन्वयन प्रक्रिया :

१. भूमे गाउँपालिकाको गाउँसभाबाट स्वीकृत कार्यक्रम वा आयोजना कार्यन्वयन प्रक्रिया देहायबमोजिम हुनेछ।

(क) आयोजना तथा कार्यक्रम कार्यन्वयन गर्दा आर्थिक प्रशासन नियमावली, सार्वजनिक खरिद ऐन,२०६३ र खर्च गर्ने अख्तियारीमा उल्लिखित मार्गदर्शन तथा शर्तहरु समेतको पालना गरी  खर्च गर्नुपर्ने छ।

(ख) सार्वजनिक खरिद ऐन,२०६३,आर्थिक प्रशासन नियावलीको परिच्छेद ५ बमोजिम वार्षिक खरिद योजना र वार्षिक कार्य सञ्चालन योजना गाउँसभाबाट निर्णय भयअनुसार हुने छ।

(ग) आयोजना तथा कार्यक्रम संचालन गर्दा सामाजिक परिचालनका पक्षलाई समेत विशेष ध्यान दिई सामाजिक परिचालक ,विकास साझेदारहरु विषयगत कायालयलाई संलग्न गराउने र यस्ता अभियानमा सामुदायिक संस्था तथा गैर सरकारी संस्थाहरुको समेत सहयोग लिन सकिने छ।

(घ) भूमे गाउँपालिकाबाट कार्यक्रम वा आयोजना स्वीकृत भएपछि उपभोक्ता समिति मार्फत संचालन गरिने कार्यक्रम वा आयोजनाको हकमा बढिमा प्रथम चौमासिक भित्र उपभोक्ता समिति गठन गी सम्झौताका लागि सम्पर्क राख्न सम्बन्धित लाभग्राहि समूहलाई सम्बन्धित वडा कार्यालयले जानकारी दिनु पर्ने छ

(ङ) वार्षिक आयोजना तथा दरिद योजना अनुसार समयमै कार्यक्रम वा आयोजना कार्यन्वयनका लागि आर्थिक वर्षको पहिलो चौमासिक भित्रै लागत अनुमान डिजाइन तयार  गरी  विनियोजित बजेटको अधिनमा रही ठेक्कपट्टा मार्फत कार्य गरापनु पर्ने भएमा बोलपत्र सम्वनधि सम्पूर्ण प्रक्रियाहरु पुरा गरीसक्नु पर्ने छ।



(चन्द्रसिंह श्रेष्ठ)
प्रमुख प्रशासकीय अधिकृत
मितिः २०७४/१२/१७

(च) आयोजना तथा कार्यक्रम सञ्चालन गर्दा पेश्की दिने कार्यलाई निरुत्साहित गरी कामको आधारमा भुक्तानी दिने प्रणाली अवलवन गर्दै पेश्की शुन्य अभियानको सुरुवात गर्नुपछ। तर स्वीकृत खरिद योजना बमोजिम आयोजना सञ्चालनको लागि पेश्की दिन बाधा पर्ने छैन।

(छ) आयोजना तथा कार्यक्रम सञ्चालन गर्दा वातावरण संरक्षण ऐन,२०५३,वातावरण संरक्षण नियमावली,२०५४ र सामाजिक तथा वातावरण सुरक्षको रुपरेखा,२०६५ बमोजिम प्राम्भिक वातावरणिय परीक्षण (आई.इ.इ. ) वा वातावरणिय प्रभाव मूल्याङ्कन (इ.आई.ए.) गरेर मात्र संचालन गर्नु पर्ने छ।

(ज) आयोजना तथा कार्यक्रम कार्यन्वयन गर्दा  गैरसरकारी संस्थाबाट सञ्चालन ,रेखदेख र मर्मत सम्भार गर्ने कार्यका लागि प्रोत्साहन गर्नु पर्दछ। साथै विषयगत कार्यालय र सामुदायिक संस्थाबाट समेत कार्यक्रम वा आयोजना  कार्यन्वयन गर्न प्राथामिकता दिनुपर्नेछ।

(झ) आयजना तथा कार्यक्रम कार्यन्वयन गर्ने उपभोक्ता समिति वा अन्य  निकायले भूमे गाउँपालिका बाट प्राप्त गर्ने रकम बैङ्किङ सुविधा प्राप्त  नभएको  स्थानमा राष्ट्र बैङ्क खाता खोलि सञ्चालन गर्नु पर्ने छ। बैङकिङ सुविधा भएको स्थानमा राष्ट्र बैङ्कबाट इजाजत प्राप्त अन्य वित्तीय संस्थामा खाता खोलि सञ्चालन गर्न सकिने छ।

(ञ) आयोजनाको लागत अनुमान अनुसारका खरिद गर्नु पर्ने निर्माण सामाग्रीहरु स्वीकृत खरिद योजना बमोजिम तोकिएको समय भित्रै उपभोक्ता समिति वा आयोजना कार्यन्वयन गर्न निकाय आफैले वा यस्ता निकायहरुको अनुरोधमा गाउँपालिकाले खरिद व्यवस्था गर्न सक्नेछ।

(ट) प्रचलित कानुन बमोजिम आयोजनको हिसाव किताव  राख्ने जिम्मेवारी कार्यक्रम वा आयोजना कार्यन्वयन गर्ने निकायको हुनेछ। यस्तो ऽहिसाव किताव राख्ने सम्वनसधमा सम्बन्धित वडाका वडाध्यक्ष र सचिवले आवश्यक सहयोग उपलब्ध गराउनु पर्ने छ

(ठ) यस गाउँपालिकाबाट सञ्चालित आयोजनाको विवरण राख्ने नगदी जिन्सीको ले खा दुरुस्त राख्ने आन्तरिक लेखा परीक्षण गराउने नियमित रुपमा भौतिक एवं वित्तीय प्रगति प्रतिवेदन सम्बन्धित निकायमा पठाउने जिम्म्वारी आर्थिक प्रशासन महाशाखाको हुनेछ।

(ड) कार्यक्रम वा आयोजना कार्यन्वयन गर्न निकायले समेझौता अनुसार निर्धारित समयमा कार्यक्रमवा आयोजना सम्पन्न गर्नुपर्ने छ।

(ढ) जानिजानि वा लापरवाहिको कारणबाट तोकाएको समयमा कार्य सम्पन्न नगर्ने उपभोक्ता समिति संस्था निकाय वा व्यक्ती आदिसंग गाउँपालिकाले सम्झौता भंग गरी हर्जाना समेत लिई वैकल्पिक व्यवस्था गर्न सक्ने छ।

(ण) गाउँपालिकाले दश लाख रुपैयाँ भन्दा माथिका आयोजनाको योजना खाता सम्बन्धित आयोजना स्थलमा सूचना पाटी राख्नु पर्ने छ।

(त) गाउँपालिकाबाट सञ्चालित सबे आयोजनाको ऽआयोजना स्थलमै सार्वजनिक परीक्षण गर्नेपर्नेछ।



(चन्द्रसिंह श्रेष्ठ)
प्रमुख प्रशासकीय अधिकृत
मितिः २०७४/१२/१७

(थ) यस कार्यविधिमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि ।एक करोड रुपैयाँ सम्म लागत अनुमान भएका कार्यक्रम वा आयोजना उपभोक्ता समिति मार्फत कार्यन्वयन गराउन प्राथमिकता दिनु पर्ने छ।

२.आयोजनाको लागत अनुमान सम्बन्धी व्यवस्था:

(क) भूमे गाउँपालिकाले आयोजना हरुको लागत अनुमान ,नक्सा र डिजाइन गाउँपालिकाको सम्बद्ध प्राविधिक कर्मचारी वा उक्त प्रयोजनका लागि खटिएका इन्जिनियर .सव इन्जिनियर र असिष्टेन्ट सव इन्जिनियर वा विषय सम्बद्ध प्रऽविधिकबाट गराउनु पर्ने छ।

(ख) आयोजनाको लागत अनुमान (डिजाइन, इष्टिमेट) तयार गर्दा जिल्ला दररेटको आधारमा निर्माण सामाग्रीको विवरण समेत खुलाइ सर्वसाधारणले वुझ्ने गरी नेपाली भाषामा तयार गर्नु पर्ने छ। तर प्राविधिक दृष्टिकोणले प्राविधिक शब्दावलिहरु नेपालि भाषामा अनुवाद गर्न सम्भव नभएमा विस्तृत लागत अनुमान अंग्रेजीमा तयार गरी लागत तेरिज (अबस्ट्राक्ट अफ कस्ट) सर्वसाधारणले बुझ्ने गरी नेपाली भाषामा तयार गर्नु पर्ने छ।

(ग) कलागत अनुमान तयार गर्दा श्रममूलक तवरबाट काम हुन सक्ने कार्यलाई सोही बमोजम लागत अनुमान तयार गर्नु पर्नेछ। प्राविधिक दृष्टिकोणबाट श्रममूलक तवरबाट काम हुन नसकी मेशिनरी उपकरुणको प्रयोग गर्नुपर्ने भनी सम्बन्धित प्राविधिकबाट कारणसहितको सिफारीस प्राप्ट भएमा सोही अनुसार स्वीकृत नर्मस बमोजिम लागत अनुमान तयार गर्नु पर्ने छ।

(घ) लागत अनुमानको परीक्षण र स्वीकृति आर्थिक प्रशासन नियमावली बमोजिम गर्नु पर्ने छ।

**७. उपभोक्ता समिति सम्बन्धी व्यवस्था:**

उपभोक्ता समितिको गठन ,संचालन व्यवस्थापन एवं कार्यक्रम कार्यन्वयन गर्दा देहायबमोजिम गर्नुपर्नेछ

(क) उपभोक्ता समितिबाट आयोजना कार्यन्वयन र सञ्चालन गर्दा आयोजनाबाट प्रत्यक्ष लाभाम्वित हुने घरपरिवारको पहिचान गरी त्यस्ता घरपरिवारको आम भेलाबाट सम्बन्धित आयोजना स्थलमानै सात देखी एघार सदस्यीय उपभोक्ता समिति गठन गर्नुपर्ने छ।उपभोक्ता समितिका सदस्यहरुले आफ्नो नागरिकताको प्रमाण-पत्र को प्रतिलिपी पेश गर्नुपर्नेछ।

(ख) सम्बन्धित वडाको वडाध्यक्ष वा पदाधिकारी राजनीतिक दलको प्रतिनिधीको रुपमा स्थानीय तहको कुनैपनि पदमा आसिन व्यक्ति बहालवाला सरकारी कर्मचारी शसक्षक निर्माण व्यवसायी सरकारी पेश्की वा बेरुजु फछ्यौट नगरेका व्यक्तिहरु नैतिक पटन देखिने फौजदारी अभियोगमा सजाय पाई उक्त सजाय भुक्तान गरेको तीन वर्ष ननाघेको व्यक्ति सार्वजनिक सम्पति हिनामिना गरेका व्यक्ति उपभोक्ता समितिका सदस्य हुन पाउने छैनन्।



(चन्द्रसिंह श्रेष्ठ)
प्रमुख प्रशासकीय अधिकृत
मितिः २०७४/१२/१७

(ग) उपभोक्ता समितिका सदस्यहरुमा  कम्तिमा ३३  प्रतिसत महिला  हुनुपर्नेछ। समितिकव अध्यक्ष ,सचिव,र कोषाध्यक्षमध्ये कम्तिमा एकजना महिला पदाधिकारी हुनुपर्ने छ। उपभोक्ता समिति गठन गर्दा समावेशी हनका साथै उपभोक्ता समितिमा आवद्ध व्यक्तिहरु समान्यतया साक्षर हुनुपर्छ।

(घ) एउटै समयमा एक व्यक्ति एक  भन्दा बढी उपभोक्ता समितिको सदस्य हुन पाउने छैन साथै एका सगोलका परिबारबाट एकजना भन्दा बढी व्यक्ति समितिको सदस्य हसन पाइने छैन।

(ङ) उपभोक्ता समिति गठन गर्दा सम्मवन्धित वडाको वडाध्यक्ष वा निजले तोकेको पदाधिकारीहरुकोरोहबरमा गर्नु पर्ने छ। यसरी खटिने पदाधिकारीले उपभोक्ता समिति गठन गरेपछि सो सम्बन्धी प्रतिवेदन गाउँपालिकाका कार्यपालिकामा पेश गर्नुपर्नेछ।

(च) प्रचलित ऐन,नियम,प्रक्रिया र मापदण्ड विपरित उपभोक्ता समिति वा अनुगमन समिति गठन गरेको वा सिफारिश गरेकव पाइएमा यसरी गठन वा सिफारिश गर्ने पदाधिकारीलाई कारवाही हुनेछ।

(छ) उपभोक्ता समितिकव गठन सर्वसममत तरिकाले गर्नुपर्ने छ। सर्वसम्मत हुन नसकेकव अवस्थामा तोकेको विधि अनुसार खटिएको पदाधिकारीले उपभोक्ता  समिति गठन गरि सोको जानकारी भूमे गाउँपालिकामा गराउनु पर्ने छ।

(ज) भूमे गाउँपालिकाबाट कार्यक्रम वा आयोजना स्वीकृत भएपछि उपभोक्ता समिति मार्फत सञ्चालन गरिने कार्यक्रम वा आयोजनाको हकमा बढिमा पन्ध्र दिन भित्र उपभोक्ता समिति गठन गरि सम्झौताका लागि सम्पर्क राख्न सम्बन्धित लाभग्राहि समूहलाई जानकारी दिनु पर्नेछ। तवकिएको समयभित्र उपभोक्ता समिति गठन भई आउन नसकेमा सम्बन्धित स्थानीय तहले सहजिकरण गर्नेछ। उपभोक्ता समिति गठन हुन नसकेमा अन्उ बैकल्पिक माध्यमबाट आयोजना संचालन गर्न सकिने छ।

(झ) भूमे गाउँपालिकाले आयोजना कार्यक्रम छनौट गर्दा उपभोक्ता समितिको तर्फबाट नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथामिकता दिनेछ।  यसरी नगद सहभागिता तोकिएको अवस्थामा उपभोक्ता समितिको तर्फबाट व्यहोर्नु पर्ने सहभागिता बापतको रकम भूमे गाउँपालिकाको खातामा २०% नगद रकम जम्मा गरी भौचर पेश गरेपछि मात्र उपभोक्ता समितिसंग योजना सम्झौता गर्नुपर्नेछ ।  लागत सहभागिताको व्यवस्था  नभएको कुनै पनि योजना उपभोक्ता समिति मार्फत संचालन गर्न पाइने छैन।

(ञ) यस बमोजिम कार्यक्रम स्वीकृत नभई विगत वर्षमा वा यसै आर्थिक वर्षमा पनि सम्झौता हुनुपूर्व कार्यसम्पन्न गरिएका भनी भुक्तानी माग गरिएको कार्यक्रम वा आयोजनाहरुमा र आ.व. को अन्त्यमा काम भैसकेको देखाई पछि काम गर्ने गरी उपभोक्ता समितिलाई रकम भुक्तानी दिन पाइने छैन। उपभोक्ता समितिले स्वीकृत कार्यक्रम बमोजिम गरेको कामको मात्र भुक्तानी दिइन्छ।

(ट) तोकिएको काकम भन्दा बढी गर्ने वा काम नै नगरी वा वास्तविक कामभन्दा बढि काम गरेको देखाइ अथवा कुनै आइटमको सट्टा अर्को आइटमको कार्य पुरा गरेको देखाई लागत अनुमान भन्दा बढी रकम माग्ने उपभोक्ता समितिलाई उक्त रकम भुक्तानी नदिई कालो सूचीमा राखी कारबाही गर्नुको अतिरिक्त सम्बन्धित प्राविधिकलाई समेत कारबाही गरिनेछ।



(चन्द्रसिंह श्रेष्ठ)
प्रमुख प्रशासकीय अधिकृत
मितिः २०७४/१२/१७

(ठ) उपभोक्ता समितिको काम,कर्तव्य र अधिकार लगायत आयोजना लागत निर्माण सामाग्रीको परिणाम, आयोजनाको गुणस्तर राख्नुपर्ने खाता किस्ता निकासा तथा भुक्तानी प्रक्रिया पारदर्शिता अनुगमन सम्बन्धी व्यवस्थाका बारेमा कार्यक्रम वा आयोजना सम्झौता हुनुपूर्व एक वा सोभन्दा बढि उपभोक्ता समितिहरुका अध्यक्ष,सचिव र कोषाध्यक्षलाई सामुहिक रुपमा अनुशिक्षण कार्यक्रम संचालन गरिने छ।

(ड) उपभोक्ता समितिको खाता अध्यक्ष, सचिव र कोषाध्यक्षको संयुक्त दस्तखत वा कुनै दुईजनाको दस्तखतबाट सञ्चालन हुने छ । खाता सञ्चालकहरुको तीन पुस्ते खुलाई आयोजना दाता र गाउँपालिकामा अभिलेख गर्नु पर्ने छ। उपभोक्ता समितिको गठन र यसको बैठकका निर्णयहरुको अभिलेख उपभोक्ता समितिको सचिवले राख्नु पर्नेछ।

(ढ) उपभोक्ता समितिले आफूले प्रत्येक किस्तामा गरेको खर्चको सूचना सार्वजनिक गर्नुको साथै सम्बन्धित उपभोक्ता र गाउपालिकालाई जानकारी गराउनु पर्छ। सम्बन्धित निकायबाट कुनै पनि समयमा उपभोक्ता समिति तथा आयोजना कार्यन्वयन गर्ने निकाय वा संघ संस्थाको आर्थिक कारोबारको बारेमा जाँचबुझ वा निरीक्षण गर्न सकिने छ।

(ण) आयोजना कार्यन्वयन गर्ने निकाय वा उपभोक्ता समितिले आयोजनाको भौतिक तथा वित्तीय प्रगति प्रतिवेदन सम्झौतामा तोकिए बमोजिमको समयमा सम्बन्धित स्थानीय तहमा पठाउनु पर्नेछ।

(त) स्थानीय तहले आयोजना संचालन एवं कार्यन्वयनमा संलग्न उपभोक्ता समिति सकमुदायिक संस्था एवं गैरसरकारी संस्थाको अभिलेखिकरण गरि लगत व्वस्थित गर्नुपर्नेछ ।

(थ) उपभोक्ता समितिसंग सम्झौता गर्न अगाडि गाउँपालिकाको शहरी विकास तथा योजना महाशाखा सम्बन्धी काम गर्ने कर्मचारिले प्रचलित कानुन कार्यविधि निर्देशिका बमोजिम आवश्यक कागजात सहित उपभोक्ता समिति गठन भए नभएको बारे एकिन गरी आफ्नो स्वष्ट राय साथ सम्झौताका लागि निर्णय गर्ने अधिकारी समक्ष पेश गरि निर्णय भएबमोजिम गर्नुपर्नेछ।

(द) भूमे गाउँपालिका र उपभोक्ता समिति बीच हुने सम्झौता पत्रमा आयोजनाको लागत कार्य प्रारम्भ र सम्पन्न हुने अवधि उपभोक्ता समितिले गर्ने योगदानको प्रकार र रकम सम्बन्धित उपभोक्ताद्वारा संचालन र मर्मत सम्भार गर्नुपर्ने विषय आदि उल्लेख गर्नुपर्ने छ।

(ध) उपभोक्ता समितिलाई सम्वनधित भूमे गाउपालिकाले लागत अनुमान तयार गर्ने प्राविधिक सल्लाह दिने जाँचपास लगायत अन्य प्राविधिक सहयोग उपलब्ध गराउनु पर्ने छ।

(न) उपभोक्ता समितिले कार्यक्रम सन्चालन गर्दा उपभोक्ता समूहको निर्णयको आधारमा गर्ने आयोजनाको निर्माण कार्य सम्बन्धित भुमे गाउँपालिकाको तर्फबाट तोकिएको प्राविधिकले तयार गरेको लागत अनुमान तथा प्राविधिक सल्लाहको अधिनमा रहि गर्ने र आयोजना कार्यन्वयन गर्दा स्थानीय स्रोत साधन र श्रम शक्तिको अधिकतम परिचालन गर्ने गरी गर्नुपर्दछ।

(ऩ) उपभोक्ता समितिले मासिक रुपमा बैठक बस्नु पर्ने बैठकबाट भएको निर्णय सम्बन्धित भूमे गाउँपालिकालाई जानकारी गराउने, आयोजना सञ्चालन संरक्षण मर्मत सम्भार गर्ने आफूले जिम्मा लिएको काम निर्धारित समयमा सम्पन्न गर्न नसकेमा उपभोक्ता समूहको निर्णय सहित थप म्याद माग गर्ने कार्यक्रम कार्यन्वयनसंग सम्बन्धित सम्पूर्ण खर्चहरुको बिल भरपाई सुरक्षित राख्ने सम्बन्धित कामको प्रगति विवरण भूमे गाउँपालिकालाई उपलब्ध



(चन्द्रसिंह श्रेष्ठ)
प्रमुख प्रशासकीय अधिकृत
मितिः २०७४/१२/१७

गराउने कामको फरफारक गराउनु अघि समिक्षाको लागि उपभोक्ता समूहको बैठक बोलाई बैठकमा राखी छलफल गराउने यस्तो बैठकको उपस्थिति र निर्णयको प्रतिलिपि भूमे गाउँपालिकामा प्रस्तुत गर्ने आदि कार्य सम्पादन गर्नुपर्नेछ।

(प) उपभोक्ता समितिले गरेको कामको लागत मूल्य, कार्यस्थल, लागेको रकम, उपभोक्ता समितिको पदाधिकारीको नाम कार्य सुरु तथा सम्पन्न मिति समेत खुल्ने गरी सम्बन्धित कार्यस्थलमा सार्वजनिक परीक्षण गरेको प्रतिवेदन भूमे गाउँपालिकामा प्रस्तुत गर्नुपर्ने छ।

(फ) उपभोक्ता समिति मार्फत गरिएको निर्माण वा संचालन गरेको कार्यक्रमको जानकारी स्थानीय जनताले माग गरेमा उपभोक्ता समितिले उपभोक्ता समितिले उपलब्ध गराउनुपर्नेछ। यसरी माग गरेको विवरण उपलब्ध नगराएको भनि सम्बन्धित उपभोक्ताले उपभोक्ता समिति भंग गर्न माग गरेमा गाउँपालिकाले सो विषयमा सत्य तथ्य बुझी उपभोक्ता समितिको पुन:गठन गर्न, समिति भंग गर्न वा अन्य माध्यमबाट कार्य सम्पन्न गर्न सक्नेछ । यसरी उपभोक्ता समिति भंग गर्दा वडा कार्यालयको सिफारिश समेत हुनुपर्ने छ ।

(ब) उपभोक्ता समिति मार्फत संचालन हुने वा निर्माण हुने विकास निर्माण कार्यको स्थलगत अनुगमा गर्ने जिम्मेवारी गाउँपालिकाको हुनेछ। अनुगमन गर्ने क्रममा उपभोक्ता  समितिले प्राप्त गरेको काम अन्य व्यक्ति वा संस्थालाई ठेक्कामा दिई कार्य गरेको पाईएमा त्यस्तो कामको भुक्तानी दिन गाउँपालिका बाध्य हुने छैन।

(भ) उपभोक्ता समितिले कामको लागि नियम अनुसार लिएको पेश्की फछयौट गर्दा प्रथम किस्ताको प्राविधिक मूल्याङ्कन सम्झौता अनुसारको नाप जाँच र मूल्य खुलेको रनिङ्ग बिल उपभोक्ता समितिको बैठक प्रतिलिपि समेत राखी सम्बन्धित भुमे गाउँपालिकामा निवेदन दिनुपर्नेछ ।यस विवरणको आधारमा अघिल्लो किस्ताको पेश्की फर्छयौट गरी थप कामको मात्र अर्को किस्ता कायम गरी सो बराबरको रकम उपलब्ध गराईने छ । उपभोक्ता समिति स्वयमले प्रत्येक किस्तामा गरेको खर्चको सूचना सार्वजनिक स्थलमा टाँस गर्नुपर्नेछ।

(म) उपभोक्ता समितिले कार्य सम्पन्न गरेपछि प्राविधिक जाँचपास  कार्य सम्पन्न प्रतिवेदन प्राप्त गरी सम्बन्धित स्थानीय तहका प्रतिनिधिको रोहबरमा सार्वजनिक परीक्षण गराउनु पर्ने छ। फरफारकका लागि उक्त सार्वजनिक परीक्षणको प्रतिवेदन समेत पेश गर्नु पर्नेछ। अन्तिम भुक्तानी दिंदा उक्त योजनाको फोटो र सो अनुसार निर्माण भएको हो भनी उपभोक्ता समितिको निर्णय तथा उपभोक्ता समितिको अध्यक्ष, सचिव र कोषाध्यक्षको दस्तखत गराइ सम्बन्धित फाईलमा वडा कार्यालयको सिफारिश सहित समावेश गर्नुपर्नेछ।

(य) उपभोक्ता समिति मार्फत संचालन भएका आयोजनाहरुको कार्यसम्पन्न भएपछि सम्बन्धित वडा कार्यालयले सोको रेखदेख मर्मत सम्भार गर्ने जिम्मेवारी समेत तोकी उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्दछ। यसरी आयोजनाको हस्तान्तरण भएमा भूमे गाउँपालिकाको सहमति लिई उपभोक्ता समितिले सेवा शुल्क लिन र सोको नियमित मर्मत सम्भार र सञ्चालनको व्यवस्था गर्न सक्नेछ । यसका लागि आवश्यकता अनुसार कार्यक्रम तथा योजना संचालन कार्यविधि तयार गरी भूमे गाउँपालिकाबाट स्वीकृत गरी लागू गर्न सकिनेछ।

(र) गाउँपालिकाका आफैले संचालन गरेको वा उपभोक्ता समिति गैर सरकारी संस्था लगायत अन्य सामाजिक संघसंस्था मार्फत सञ्चालन गरिने तालिम, गोष्ठि, सेमिनार, अभिमुखिकरण, कार्यक्रम कार्यशालाजस्ता



(चन्द्रसिंह श्रेष्ठ)
प्रमुख प्रशासकीय अधिकृत
मितिः २०७४/१२/१७

कार्यक्रमहरुको भुक्तानी गर्दा उक्त कार्यक्रम संचालन गर्ने विषयमा भएको निर्णय कार्यक्रम संचालन भएको स्थान र कार्यक्रम अवधि कार्यक्रमको उद्देश्य र अपेक्षित उपलब्धि कार्यक्रमका सहभागीको उपस्थिति कार्यक्रमको कार्यतालिका कार्यक्रममा प्रस्तुत भएको कार्यपत्रको प्रतिलिपी कार्यक्रम संचालन गर्दाको अवस्थाका तस्विरहरु सहित आर्थिक प्रशासन सम्बन्धी नियम बमोजिमका अन्य बिल भर्पाइ र कागजात संलग्न गरी कार्यसम्पन्न प्रतिवेदनका आधारमा गरिने छ ।

(ऱ) उपभोक्ता समितिले आयोजनाहरु संचालन गर्दा तोकिए बमोजिमको गुणस्तर कायम गर्ने गराउने दायित्व र जिम्मेवारी सम्बन्धी प्राविधिक कर्मचारी अन्य कर्मचारी उपभोक्ता समिति र अनुगमन तथा सहजिकरण समितिको हुनेछ ।

(ल) अनुकरणिय कार्य गर्ने उपभोक्ता समिति प्राविधिक कर्मचारी र सम्बन्धित कर्मचारीलाई कार्यपालिकाको निर्णय बमोजिम वार्षिक रुपमा पुरस्कार प्रदान गर्न सकिने छ

**(७) अनुगमण तथा सहजिकरण समितिको सम्वन्धमा देहाय बमोजिम गर्नु पर्ने छ :**

१) उपभोक्ता समिति वा ठेक्कापट्टा जुनसुकै प्रक्रियाबाट कार्यक्रम वा आयोजना संचालन वा कार्यन्वयनमा अनुगमन एवं सहजिकरण गर्न सम्बन्धित आयोजना वा कार्यक्मबाट प्रत्यक्ष लाभ हाँसिल गर्ने परिवार मध्येबाट कम्तीमा दुईजना वडाध्यक्ष वा निजले तोकेको पदाधिकारी समेत गरी तीन सदस्यीय अनुगमन तथा सहजिकरण समिति गठन गर्नु पर्नेछ।

२) खण्ड (१) बमोजिमको समिति ठेक्का पट्टाबाट संचालन गरिने कार्यक्रम वा आयोजनाको हकमा कार्यक्रम वा आयोजना प्रारम्भ हुनुभन्दा पहिले सो आयोजनामा खटिएका कर्मचारीले र उपभोक्ता समितिबाट संचालन गरिने कार्यक्रम वा आयोजनाको हकमा सम्झौता हुनुपूर्व आयोजना अनुगमन तथा सहजिकरण समिति गठन गरिने छ। कार्यक्रम वा आयोजनको अन्तिम भुक्तानी एवं फरफारक गर्नु पूर्व यस्तो समितिको सिफारिश आवश्यक पर्नेछ ।

३) आयोजना संचालनको क्रममा बाधा अवरोध आइपरेमा आवश्यक सहजीकरण गर्ने सम्पन्न कार्यक्रम वा आयोजनाको सार्वजनिक परीक्षण गर्ने तथा भूमे गाउँपालिकासंग गरेको सम्झौता र प्रचलित कानून बमोजिम कार्यक्रम तथा आयोजना संचालन भएको नपाएमा सम्बन्धित उपभोक्ता समितिका सदस्यहरुलाई र भूमे गाउँपालिकालाई सोको जानकारी गराउन कार्यक्रम वा आयोजना  अनुगमन तथा सहजिकरण समितिको कर्तव्य हुनेछ।

४) समितिले आयोजना सम्पन्न भएको सातदिनभित्र आयोजनाको अन्तिम भुक्तानी र फरफारकको निम्ति सिफारिश गर्नुपर्ने छ । समितिले आफ्नो दायित्व र जिम्मेवारी निर्वाह नगरेको भुक्तानी र फरफारकको लागि सिफारिश नगरेको कारणबाट प्रचलित कानुन बमोजिम भए गरेका कार्यले भुक्तानी दिन फरफारक गर्न लगायतका थप कार्यहरु अगाडि बढाउन वाधा परेको मानिने छैन।



(चन्द्रसिंह श्रेष्ठ)
प्रमुख प्रशासकीय अधिकृत
मितिः २०७४/१२/१७

५) भूमे गाउँपालिकाले कार्यक्रम वा आयोजना समितिको थप जिम्मेवारी र आचार संहिता निर्धारण गर्न सक्नेछ। यस्तो अवस्थामा आयोजना सम्झौता फारममा उल्लेख गर्नुपर्नेछ।

६) आयोजना सुपरवेक्षण र अनुगमन समितिले आयोजना निर्माण सम्वन्धमा भएको प्रगति विवरण उपभोक्ता समिति र सम्बन्धित भूमे गाउँपालिकालाई उपलब्ध गराउने, आयोजना संचालनबाट स्थानीय जनतालाई पुगेको सुविधा  सेवाको गुणस्तर सेवामा वृद्धि गराउनु पर्ने अवमस्था आदिको सुपरिवेक्षण गरी जानकारी लिने आयोजना संचालनको क्रममा देखा परेका वाधा व्यवधान हताउनको लागि उपयूक्त सुझाप सहितको सिफारिश सम्बन्धित उपभोक्ता समिति र भूमे गाउँपालिकामा पेश गर्ने तथा उपभोक्ता समितिले भूमे गाउँपालिका संग गरेको सम्झौता र प्रचलित कानुन बमोजिम कार्यक्रम तथा आयोजना संचालन भएको नपाइएमा सोको जानकारी सम्बन्धित भूमे गाउँपालिकामा गराउने दियित्व र जिम्म्वारी निर्वाह गर्नुपर्नेछ।

७) **योजना अनुगमन,जाँच पास तथा फरफारक समिति**

कार्यपालिकाले तोके बमोजिम समितिले योजना अनुगमन,जाँच पास तथा फरफारक समितिको काम गर्ने छ।

**(८) सार्वजनिक निजी सामुदायिक सहकारी (पिपिसिसि):**

१) भूमे गाउँपालिकाले संचालन गर्ने विकास निर्माण लगायत सेवा खरिद र सेवा प्रवाहका कार्य आर्थिक प्रशासन नियावलीको नियम १५७  अनुसार सार्वजनिक निजी साझेदारी अन्तर्गत गराउन सक्ने छ।

२) निजी क्षेत्र आकर्षित हुन सक्ने सम्भावित क्षेत्रहरुको पहिचान गरी त्यस्ता क्षेत्रमा साझेदारीमा काम गर्न गाउँपालिकाले निजी क्षेत्रलाई आह्वान गर्नुपर्नेछ।

३) भूमे गाउँपालिकाले आफ्नो कार्यक्षेत्रभित्र रहेका गैर सरकारी संस्था, निजी क्षेत्र, सामुदायिक संस्थाबाट संचालित हुने कार्यक्रम वा आयोजनामा परिपूरकता कायम गर्नुका साथै यस्ता संस्थाहरुसंग साझेदारीमा कार्यक्रम वा आयोजनाहरु संचालन एवं कार्यन्वयन गर्न सक्ने छ।

**ख) ठेक्कापट्टा सम्बन्धी व्यवस्था:**

उपभोक्ता समितिबाट कार्य सम्पन्न हुन नसक्ने जटिल र प्राविधिक रुपमा पठिन प्रकृतिका आयोजनाहरुको भूमे गाउँपालिकाले प्रचलित कानुनको प्रक्रिया पु-याई  ठेक्कापट्टाद्वारा काम गराउनु पर्नेछ।

**ग) सडक निर्माण सम्वन्धी विषेश व्यवस्था :**



(चन्द्रसिंह श्रेष्ठ)
प्रमुख प्रशासकीय अधिकृत
मितिः २०७४/१२/१७

१) पूर्वाधार विकासबाट अधिकतम लाभ लिनका लागि सडक सुविधा पुग्ने क्षेत्रमा तत्काल रोजगारी र आय आर्जनमा बढावा दिन सक्ने कृषि (कृषि, पशुविकास र मत्स्य विकास) तथा गैरकृषि (लघु उद्योग उद्यम, व्यवसाय) सम्बन्धी आर्थिक तथा सामाजिक विकासका क्रियाकलापहरु उक्त क्षेत्रमा नै संकेन्द्रित कन्सन्ट्रेट गरी एक क्षेत्रले अर्को क्षेत्रको विकासमा परिपूरकता कायम हुने गरि संचालन गर्नुपर्नेछ।

२) भूमे गाउँपालिकाले नयाँ ट्र्याक खोल्न अत्यावश्यक देखिएमा गुरुयोजनको प्राथामिकतामा परेको सडकमा मात्र नयाँ ट्रेयाक खोल्न सकिने छ । नयाँ ट्र्याक खोल्दा यातायात सेवा संचालन भएको सडक खण्डलाई जोड्ने प्रवेश विन्दुदेखि मात्र क्रमश:निर्माण कार्य गर्नुपर्छ।

३) भूमे गाउँपालिकाले आफ्नो क्षेत्रभित्र आफू लगायत अन्य निकायबाट निर्माण भएका सम्पूर्ण सडकहरुको नक्साङ्कन एवं अद्यावधिक विवरण (रोड इन्भेन्ट्री) तयार गरी राख्नेछ।

४) सम्बन्धित निकायको स्वीकृति वेगर वातावरणमा प्रत्यक्ष रुपमा असर पु-याउने खालका आयोजनाहरु तथा भूमे गाउँपालिकाको स्वीकृति वेगर स्थानीयस्तरका सडक निर्माण सम्बन्धी भौतिक पूर्वाधारका आयोजनाहरु संचालन गर्न पाइने छैन।

सडक निर्माण सम्बन्धी कार्यसंचालन गर्नुपूर्व सडकको क्षेत्राधिकार (राइट अफ वे) कायम गर्न लागत कट्टा गर्ने प्रक्रिया सुरु गरेको हनुपर्नेछ। साथै सडकको दुबैतर्फ हरियालि कायम राख्न बृक्षारोपण समेत गर्नु पर्नेछ।

**(९) आयोजना मर्मत सम्भार तथा हस्तान्तरण सम्बन्धी व्यवस्था:**

१) एक करोड रुपैया भन्दा माथि लागत भएका आयोजनाको हकमा आयोजनाको लागत अनुमान तर्जुमा गर्दाकै समयमा मर्मत सम्भारका लागि रकम छुट्याउनु पर्ने छ । सोभन्दा कम लागतका स्थानीय पूर्वाधारसम्बन्धी आयोजनाको हकमा आर्थिक प्रशासन नियावलीको नियम ५४ को खण्ड (ग) बमोजिमको मर्मत सम्भार विषेश कोषमा आवश्यक बजेट विनियोजन गरी उक्त कोषबाट मर्मत सम्भारको व्यवस्था मिलिउनु पर्ने छ।

२) आयोजना संचालन गर्ने निकायले सम्पन्न भइराखेका आयोजनाहरुको नियमित रेखदेख र मर्मत संभार कार्य आफैले गर्ने वा त्यस्ता आयोजनाको स्वामित्व समेत सम्बन्धित उपभोक्ता समिति सामुदायिक संस्था वा गैरसरकारी संस्थालाई दिगो गरी संचालन हुने व्यवस्था मिलाउनु पर्दछ।

३) हस्तान्तरित आयोजनाको नियमित संचालन र मर्मत संभारका लागि उपभोक्ता समिति गैरसरकारी संस्था वा सामुदायिक संस्थाले सम्बन्धित भूमे गाउँपालिकाबाट स्वीकृति लिई आवश्यक सेवा शुल्क तोकी आफ्नो कोष खडा गर्न सक्नेछन।



(चन्द्रसिंह श्रेष्ठ)
प्रमुख प्रशासकीय अधिकृत
मितिः २०७४/१२/१७

४) उपदफा(३) बमोजिमको कोषबाट कोषको वार्षिक आम्दानीको दश प्रतिशत वा पच्चीस हजार मध्ये जुन कम हुन्छ त्यति रकम प्रशासनिक कार्यमा खर्च गर्न सकिने छ। बाँकी रकम सम्बन्धित आयोजनाको मर्मत सम्भार र स्तरोन्तिको लागि खर्च गर्नु पर्नेछ।

५) नियमित रुपमा मर्मत संभार नगर्ने आयोजनामा स्थानीय तहबाट थप लगानी हुने छैन।

**(१०) जनसहभागिता एवं लागत सहभागिता :**

१) कार्यक्रम वा आयोजना तर्जुमा संचालन अनुगमन तथा मूल्याङ्कन लगायत आयोजनका प्रत्येक चरणमा अत्याधिक मात्रामा सहभागिता जुटाउने प्रयत्न गर्नु टोलवासीहरुको कर्तव्य हुनेछ।

२) सहभागिताको अंश निर्धारण गर्दा अति विपन्न परिवार र लक्षित समूहलाई विशेष सहुलियत दिन सकिने प्रावधान राख्न सकिने छ। लागत सहभागिता व्यहोर्न नसकेको कारणबाट लक्षित समूहलाई आयोजनाको लाभबाट बन्चित गराइनेछैन।

**(११) कार्यक्रम वा आयोजना संचालन सम्बन्धी कार्यतालिका :**

भूमे गाउँपालिकाले कार्यक्रम वा आयोजना संचालन गर्दा देहायको समय तालिका अनुसार गर्नुपर्नेछ।

1) चालु आर्थिक वर्षको वार्षिक कार्य तालिका खरिद योजना सहित निर्माण र स्वीकृति पहिलो चौमासिक भित्र।

2) वार्षिक कार्यतालिका अनुसार उपभोक्ता समितिको गठन र सम्झौता ठेक्का पट्टा वा अन्य प्रक्रियाबाट आयोजना कार्यन्वयन व्यवस्थापन र कार्यारम्भ आदेश (वार्षिक कार्ययोजना अनुसार कार्तिक मसान्त भित्र)

3) आयोजना सम्पन्न गर्ने अवधि (ज्येष्ठ मसान्त भित्र)

4) जाँचपास र फरफारक (आयोजना सम्पन्न भएको ३० दिन भित्र)

5) आगामी आर्थिक वर्षको कार्यक्रम र बजेट तर्जुमा गाउँ सभाबाट पारित गर्ने।

**१२.कार्यक्रम कार्यन्वयन तथा सञ्चालनमा सहयोग गर्नुपर्ने:**

भूमे गाउँपालिकाबाट आफ्नो क्षेत्रभित्र संचालन तथा कार्यन्वयन हुने कार्यक्रम वा आयोजनामा सामुदायिक संस्था नागरिक समाज गैर सरकारी संस्था एवं सबै सहकारी एवं गैरसरकारी संस्थाले आवश्यक सहयोग र सहजिकरण गर्नसक्ने छ।



(चन्द्रसिंह श्रेष्ठ)
प्रमुख प्रशासकीय अधिकृत
मितिः २०७४/१२/१७

## परिच्छेद- ५

## अनुगमन एवं मूल्याङ्कन

**१३.सुपरिवेक्षण तथा अनुगमन समिति :**

१) योजना अनुगमन जाँचपास तथा फरफारक समितिले सुपरिवेक्षण तथा अनुगमन समितिको काम गर्ने छ।

२) सुपरिवेक्षण तथा अनुगमन समितिको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ।

(क) आयोजनाको कार्यन्वयनमा सहजिकरण गर्ने तथा देखिएका बाधा व्यवधान र समस्या समाधानका लागि आवश्यक निर्देशन दिने।

(ख) आयोजनको कार्यन्वयन कार्यतालिका अनुसार काम भए नभएको यकिन गर्ने र नगरेको पाइएमा सम्बन्धित पक्षलाई सचेत गराउने।

(ग) विषयगत कार्यलय र अन्य सरकारी क्षेत्रबाट संचालित कार्यक्रम वा आयोजनको समेत अनुगमन गर्ने।

(घ) गैरसरकारी संस्थावाट संचाललित आयोजना तथा कार्यक्रम प्रभावकारी अनुगमन गरी सोको चौमासिक र वार्षिक प्रतिवेदन प्रदेशको सम्बन्धित मन्त्रालयमा पठाउने।

**(४)** समितिले अनुगमनको क्रममा देखिएका विषयमा आवश्यक लेखाजोखा गरी आफ्नो सुझाव सहितको प्रतिवेदन चौमासिक रुपमा स्थानीय तहका प्रमुख समक्ष पेश गर्नेछ। यसरी प्राप्त प्रतिवेदनमाथि स्थानीय तहको बैठकमा छलफल गर्नुपर्ने छ

(५) भूमे गाउँ पालिकाले आफ्नो कार्यक्रम वा आयोजनाहरुको सुपरिवेक्षण तथा अनुगमन कार्ययोजना कार्यतालिका बनाई सोको आधारमा नियमित रुपमा सुपरिवेक्षण अनुगमन एवं समिक्षा गर्नुपर्नेछ।

(६) समिति आफैले अनुगमन गर्न वा आवश्यक अनुसार बढिमा पाँच सदस्यीय उपसमिति गठन गरी आयोजनाको सुपरिवेक्षण तथा अनुगमन गर्न वा अन्य कुनै पदाधिकारीले वा कर्मचारीहरुलाई अनुगमन सम्बन्धी कार्यमा खटाउने छन।

(७) समितिले सामाजिक सुरक्षा भत्ता विवरण कार्यक्रम सुत्केरी भत्ता विवरण बालसंरक्षण अनुदान र व्यक्तिगत घटना दर्ता कार्यक्रम लगायत सामाजिक सुरक्षा सम्बन्धी समग्र कार्यक्रमको अनुगमन गर्नेछ।

(८) अनुगमनसम्बन्धी अन्य व्यवस्था सम्बन्धित स्थानीय तहको कार्यपालिका बैठक वा गाउँसभाबाट तोकिए बमोजिम हुनेछ।

(९) भूमे गाउँपालिकाको स्रोतको रकमको सदुपयोग भए नभएको सम्वन्धमा स्थानीय शासन तथा उत्तरदायी संयन्त्रले अनुगमन गर्न सक्नेछ ।



(चन्द्रसिंह श्रेष्ठ)
प्रमुख प्रशासकीय अधिकृत
मितिः २०७४/१२/१७

**(१४) अनुगमन सम्बन्धी थप व्यवस्था :**

(क) भूमे गाउँपालिकाले आफ्नो क्षेत्रभित्र संचालित कार्यक्रम वा आयोजनको अनुगमन प्रगति प्रतिवेदन र त्यसको समिक्षा सहितको विवरण गाउँसभामा छलफल गरी सोको प्रतिवेदन मन्त्रालयमा पठाउनु पर्ने छ।

(ख) भूमे गाउँपालिका क्षत्रभित्र संचालित कार्यक्रम तथा बजेटको तर्जुमा कार्यन्वयन र अनुगमन प्रक्रियाका वातावरणीय पक्ष लैङ्गिक तथा सामाजिक समावेशीकरण जस्ता विषयलाई पर्याप्त ध्यान दिए नदिएको बारेमा सुपरिवेक्षण तथा अनुगमन गर्नुपर्ने छ। यसरी कार्यउक्रम तथा बजेटको लैङ्गिक बजेट परीक्षण गर्दा स्थानीय तह लैङ्गिक उत्तरदायि तथा सामाजिक बजेट एवं परिक्षन निर्देशिका २०६८ बमोजिम गर्नुपर्नेछ।

**(१५) आयोजना जाँचपास र फरफारक सम्बन्धी व्यवस्था:**

१) भूमे गाउँपालिकामा आयोजना सम्पन्न भएको जानकारी प्राप्त भएपछि भौतिक पूर्वाधार आयोजनको हकमा सम्बन्धित प्राविधिकले पेश गरेको अन्तिम मूल्याङ्कन कार्य सम्पन्न प्रतिवेदन र सार्वजनिक परीक्षणको प्रतिवेदन तथा क्रियाकलापको हकमा सार्वजनिक परीक्षणको प्रतिवेदनको आधारमा तीस दिन भित्र आयोजनाको जाँच पास गर्नु पर्ने छ।

२) भूमे गाउँपालिकाका विषयगत कार्यालय अन्य निकाय वा संघ संस्थाबाट संचालित आयोजनाको सम्बन्धित तहबाट कार्य सम्पन्न प्रतिवेदन प्राप्त भएपछर आवश्यक जाँचवुझ गरी तीस दिनभित्र जाँचपास गर्नुपर्ने छ।

३) आयोजना जाँचपास भएपछि फरफारक गरिदिनु पर्ने छ। फरफारक भएका आयोजनको गाउँसभाबाट अनुमोदन गराउनुपर्ने छ।

**१६. मूल्याङ्कन तथा पुरस्कार सम्बन्धी व्यवस्था :**

१)यस कार्यविधिमा उल्लेखित प्रावधानहरुको पालना भए नभएको तथा तोकिएको समयमै कार्यक्रम वा आयोजना सम्पन्न गरे नगरेको आधारमा कार्यसम्पादन मूल्याङकन समेतको आधारमा तोके बमोजिम भूमे गाउँपालिकाको योजना अनुगमन तथा जाँचपास समितिले मूल्याङन गर्नेछ।

२)योजना अनुगमन तथा जाँचपास समितिले मूल्याङकनले तोकेको मापदण्ड बमोजिम आफ्नो क्षेत्रको विकासमा उत्कृष्ट योगदान पु-याउने व्यक्ति समाजसेवी, कर्मचारी, उपभोक्ता समिति, सामुदायिक संस्था, विकास संस्था, विद्यालय व्यवस्थापन समिति, वन उपभोक्ता समिति, कृषि समितिका पदाधिकारी एवं कर्मचारीहरुलाई पुरस्कृत गर्न सक्नेछ।

३)योजना सम्झौता सम्बन्धी व्यवस्था कार्यन्वयन सम्बन्धी प्रक्रिया साविककै हुनेछन र यस सम्बन्धी नेपाल सरकार वा प्रदेश सरकारले कुनै थप निर्णय गरे सोही बमोजिम हुनेछ।



(चन्द्रसिंह श्रेष्ठ)
प्रमुख प्रशासकीय अधिकृत
मितिः २०७४/१२/१७

**(१७) विविध :** यस कार्यविधि स्वीकृत हुनुभन्दा अघि संचालन भएका योजनाहरुको फरफारक प्रचलित कानुन र यस कार्यविधि अनुसार गरिने छ।

(चन्द्रसिंह श्रेष्ठ)
प्रमुख प्रशासकीय अधिकृत
मितिः २०७४/१२/१७